आज मिति २०८१ बैशाख ११ गते मंगलबारका दिन विहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भए/गरेका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो ।

प्रस्ताव नं. २ :- जानकी गाउँपालिकाको बाल अधिकार (संरक्षण) तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८१ सम्वन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा विधायन समितिबाट पेश भएको जानकी गाउँपालिकाको बाल अधिकार (संरक्षण) तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो ।

प्रस्ताव नं. ३ :- जानकी गाउँपालिकाको अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा विधायन समितिबाट पेश भएको जानकी गाउँपालिकाको अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो ।

प्रस्ताव नं. ४ :- जानकी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ सम्वन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा विधायन समितिबाट पेश भएको जानकी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो ।

प्रस्ताव नं. ५ :- जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० सम्वन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा विधायन समितिबाट पेश भएको जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० पारित गरियो ।

प्रस्ताव नं. ६ :- जानकी गाउँपालिकाको सहकारी अनुगमन समिति गठन सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई नियमन तथा सहकारी संस्थाको विकासको लागि आवश्यक सहजीकरण गर्न देहाय बमोजिमको सहकारी अनुगमन समिति गठन गरियो ।

१. संयोजक – उपाध्यक्ष, श्री लालमति देवी कठरिया
२. सदस्य – प्र.प्र.अ., श्री आशिष चौधरी
३. सदस्य – आर्थिक विकास समिति संयोजक, श्री सुरेश चौधरी
४. सदस्य – कार्यपालिका सदस्य, श्री लक्ष्मी चौधरी
५. सदस्य सचिव – सहकारी शाखा प्रमुख, श्री आनन्द उपाध्याय

२०८१/०१/३१
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ७:- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, विक्रि तथा व्यवस्थापन कार्यान्वयन प्रक्रिया सम्बन्धमा ।

निर्णय नं. ७:- प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८०/१०/२१ को कार्यपालिका बैठकको निर्णयानुसार जानकी गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित कर्णाली नदीको तोकिएका क्षेत्रहरुमध्ये रानीकुलो बाँध (Intake) कैलाशेश्वर सामुदायिक वनको सिमानाको घाट, वडा नं. ६, र कैलाशेश्वर सामुदायिक वन देखि जगतपुर वनघुस्रा घाट, वडा नं. ६ बाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, बिक्री तथा व्यवस्थापनको कार्य कार्यालय आफैले कार्यालयका कर्मचारी खटाई अमानतबाट रोयल्टी संकलन गर्दै आएकोमा कार्यालयबाट कर्मचारी खटाउँदा कार्यालयको दैनिक सेवा प्रवाहमा समस्या भएको हुँदा २०८१ साल जेठ मसान्तसम्म नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, बिक्री तथा व्यवस्थापन कार्य देहायका स्थानीय व्यक्तिहरुसँग कर संकलक सहयोगीको लागि सम्झौता गरी तपसिल बमोजिम कार्यान्वयन प्रक्रिया अवलम्बन गर्ने निर्णय गरियो ।

देहाय:-

| क्र.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | दिनेश बहादुर शाह (ना.प्र.नं. :- ७४९५ जारी मिति:- २०५२-०७-१५ जारी जिल्ला:- कैलाली) | जानकी-३, कैलाली | |
| २. | प्रकाश चौधरी (ना.प्र.नं. :- ७२१८ जारी मिति:- २०५९-१०-१९ जारी जिल्ला:- कैलाली) | जानकी-६, कैलाली | |

तपसिल :-

१. स्थानीय कर संकलक सहयोगीसँग गाउँपालिका कार्यालयले २०८१ साल जेठ मसान्तसम्मका लागि सम्झौता गर्ने ।

२. कर संकलक सहयोगीलाई गाउँपालिका कार्यालयले दैनिक पारिश्रमिक रु. ८००।- (अक्षेरुपी आठ सय मात्र ।) उपलब्ध गराउने ।

३. सम्बन्धित वडा समितिको सहयोग र समन्वयमा कर संकलक सहयोगीले नदीजन्य पदार्थको रोयल्टी रसिद (कर बिजक) जारी गर्ने र प्रत्येक ३/३ दिनमा राजश्व संकलनको विवरण गाउँपालिका कार्यालयमा पेश गर्ने ।

४. गाउँपालिका कार्यालय, राजश्व शाखाले कर संकलक सहयोगीको हाजिरी व्यवस्थापन गर्ने र कर संकलक सहयोगीले जारी गरेको कर बिजक अनुसारको रकम बैङ्क खातामा राजश्व दाखिला गर्ने ।

५. गाउँपालिका कार्यालय, राजश्व शाखाले कर बिजक छपाई गर्ने र कर बिजकको नियन्त्रण गर्ने ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०१।१९

गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
जानकी गाउँ कार्यपालिकाको कार्यालय
टुँगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पाना नं. ३४

**प्रस्ताव नं. ८ :- अमरावती प्रहरी चौकी र तोरैयाँपुर अस्थायी प्रहरी पोष्टलाई पानी, बिजुली, इन्टरनेट सुविधा उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. १ तोरैयाँपुर स्थित तोरैयाँपुर अस्थायी प्रहरी पोष्ट र वडा नं. ९ स्थित अमरावती प्रहरी चौकीलाई विगत देखि उपलब्ध गराउँदै आएको पानी, बिजुली र इन्टरनेट सुविधा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

**प्रस्ताव नं. ९ :- क्षयरोग मुक्त नेपाल अभियान सफल पार्न कार्यक्रम सञ्चालन सम्बन्धमा।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा सन् २०५० सम्म क्षयरोग मुक्त नेपाल अभियानलाई सफल पार्न आगामी आ.व. २०८१/०८२ देखि क्षयरोग मुक्त गाउँपालिका घोषणा अभियानका लागि प्रतिवद्धता सहित बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र थप कार्यक्रम एवम् क्रियाकलापहरु संचालन गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रसँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० :- किसान सूचीकरणका लागि थप वडा छनौट सम्बन्धमा।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.ब. २०८०/०८१ का लागि सङ्घीय सरकारद्वारा हस्तान्तरित कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१५.१२९ किसान सूचीकरण कार्यक्रम संचालनका लागि यस जानकी गाउँपालिकाको ६ नं. वडा अन्तर्गतका किसान सूचीकरण कार्यको तथ्याङ्क संकलन कार्य सम्पन्न भई केही रकम शेष हुने भएकोले बजेट सिमाको परिधिभित्र रही जानकी गाउँपालिका वडा नं. ५ मा संचालन गर्ने निर्णय गरियो।

२०८१/०१/११
गणेश चौधरी
अध्यक्ष

अर्शिला चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



**प्रस्ताव नं. ११ :- वडास्तरीय आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस जानकी गाउँपालिकाको वडास्तरीय चालु तथा पूँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वयन प्रगतिको समीक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल:-**

| क्र. स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | क्र. सं. | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन जडान | ५०,०००।- | कार्यालय/ सोझै खरिद | १. | सुवर्णपुर उत्तरपुरुवा टोलमा सडक बत्ती जडान | जानकी-६ | ५०,०००।- | कार्यालय/ सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |
| २. | संघ-संस्थामा संलग्न रहेका वडा नं. ६ अन्तर्गतका लेखा सम्बन्धित कर्मचारी र पदाधिकारीहरुलाई लेखाविधी तथा आन्तरिक लेखा परीक्षण सम्बन्धी तालिम | ८०,६७७।- | कार्यालय/ सोझै खरिद | २. | सुवर्णपुर जमरा टोलमा सडक बत्ती जडान | जानकी-६ | ८०,६७७।- | कार्यालय/ सोझै खरिद | | |
| ३. | दुर्गौली मरुवा (देवघर) निर्माण | २,८०,०००।- | उपभोक्ता समिति | ३. | दुर्गौली सामुदायिक भवनमा शौचालय निर्माण | जानकी-१ | ९०,०००।- | कार्यालय/ सोझै खरिद | नेपाल सरकार नगद अनुदान | १,९०,०००।- बाँकी |
| ४. | सन्तोषी टोल मीन बहादुर रोकायाको घरदेखि तारा बमको घरसम्म बाटो ग्राभेल | २,००,०००।- | उपभोक्ता समिति | ४. | सन्तोषी टोल मीन बहादुर रोकायाको घरदेखि तारा बमको घरसम्म बाटो ग्राभेल | जानकी-१ | ३,९०,०००।- | उपभोक्ता समिति | | क्र.सं. ३ को दुर्गौली मरुवा (देवघर) निर्माण आयोजना बाट रु. १,९०,०००।– थप |
| ५. | तोरैयाँपुर मरुवा(देवघर) निर्माण | २,८०,०००।- | उपभोक्ता समिति | ५. | तोरैयाँपुरको मसानघाटमा ट्रष्ट भवन निर्माण | जानकी-१ | २,८०,०००।- | कार्यालय/ सोझै खरिद | | |
| ६. | कालिका आधारभूत विद्यालय बेलासपुरमा खानेपानी धारा निर्माण | १,००,०००।- | वि.व्य.स. | ६. | कालिका आधारभूत विद्यालय बेलासपुरमा खानेपानी धारा निर्माण | जानकी-१ | १,००,०००।- | कार्यालय/ सोझै खरिद | | |
| ७. | मुनुवा गाउँमा मरुवा निर्माण | १,२०,०००।- | उपभोक्ता समिति | ७. | अशोक कठरियाको घरदेखि जीवन कठरियाको घरसम्म सडक ग्राभेल | जानकी-४ | १,९०,०००।- | कार्यालय/ सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |
| ८. | जानकी ४ र ७ को सिमानामा रहेको वर्वा कुलामा पक्की ढुँड निर्माण | ७०,०००।- | उपभोक्ता समिति | | | | | | | |
| ९. | दर्ता तथा सूचीकृत पशुपालन फर्मलाई घाँस काट्ने मेसिन खरिद वितरण | २,००,०००।- | कार्यालय/ सोझै खरिद | ८. | टोल बडघरहरुलाई ब्रस कटर खरिद वितरण | जानकी-२ | २,००,०००।- | कार्यालय/ सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |

२०७९।०१।११
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १२ :- सामुदायिक विद्यालयका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन अनुदान सम्बन्धमा ।**

**निर्णय नं. १२ :-** प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम सामुदायिक विद्यालयका प्र.अ. छनौट तथा व्यवस्थापन कार्यक्रममा विनियोजित बजेट रु. १,००,०००।– (अक्षेरुपी एक लाख मात्र ।) शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक छनौट तथा व्यवस्थापन गरेका विद्यालयहरुलाई प्रति विद्यालय रु. ७,१४०।– (अक्षेरुपी सात हजार एक सय चालिस मात्र ।) का दरले प्रधानाध्यापक छनौट तथा व्यवस्थापन अनुदान रकम निकासा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: - आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १३ :-** प्रस्ताव नं. १३ माथि छलफल गर्दा चालु तथा पूँजीगत क्षेत्र पूर्वाधार विकासको प्रगति तथा आवश्यकतालाई मध्येनजर गरी पूंजीगत क्षेत्र पूर्वाधार विकास तर्फको आयोजना कार्यान्वयन गर्न आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | सं.क्र.स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | जनता नमुना देखि वडा नं. २ अमौरी सडक कालोपत्रे ठेक्का नं. 01/JRM/1S2E/W/2078/079 | १,६०,००,०००।- | १,२३,००,०००।- | ३७,००,०००।- | १.१ | जगतपुर जमराहान घरदेखि रेशमलाल चौधरीको घरसम्म सडक स्तरोन्नती | जानकी-३ | १०,००,०००।- | सोझै खरिद | १९,७२,८००।- | नेपाल सरकार नगद अनुदान |
| | | | | | १.२ | जय पार्वती आ.वि. को कक्षाकोठा मर्मत | जानकी-२ | २,२५,०००।- | सोझै खरिद | | |
| | | | | | १.३ | खैरीपुर कुट्टी टोलमा डुँड निर्माण | जानकी-८ | ५,०२,२००।- | सोझै खरिद | | |
| | | ३०,००,०००।- | ० | ३०,००,०००।- | १.४ | रेशमलाल चौधरीको घरदेखि पागल चौराहासम्म सडक स्तरोन्नती | जानकी-३ | १०,००,०००।- | सोझै खरिद | २०,००,०००।- | आन्तरिक स्रोत |
| २. | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २४,५६,०००।- | ५,५३,४२०।४३ | १९,११,०७९।५७ | २. | ड्राईभिङ्ग तालिम | कार्यालय | २,५०,०००।- | कार्यालय | १६,६१,०७९।५७ | राजस्व बाँडफाँड – संघीय सरकार |

२०८१।०९।११
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत